नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(प्रदेश तथा स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः २०८३।०८४
चलानी नं.: ४५

मितिः २०८३।०४।१९
ने.सं. ११४६

विषयः जातीय भेदभाव र छुवाछुत विरुद्ध अभियान सञ्चालन गर्ने सम्बन्धमा।

श्री गाउँपालिका (सबै),
श्री नगरपालिका (सबै)।

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयको प.सं. २०८३।०८४, च.नं. ०३, मिति २०८३।४।१९ को पत्र मार्फत लैङ्गिक विभेद एवम् हिंसा, जातीय भेदभाव तथा छुवाछुत र सामाजिक बहिष्करण लगायतका विषयहरुमा गुनासोरहित हुने गरी सम्बोधन गर्न अभियानमुलक कार्यक्रम (वडास्तरमा समेत) सञ्चालन गर्नका लागि सबै स्थानीय तहलाई अनुरोध गर्ने भनी लेखि आएकोले पत्रको छायाँप्रति यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको बेहोरा आदेशानुसार अनुरोध छ ।

(दीपेश कट्टेल)
शाखा अधिकृत

बोधार्थः

श्री महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सूरक्षा मन्त्रालय, सिंहदरबार।

श्री सूचना प्रविधि शाखाः सबै गाउँपालिका तथा नगरपालिकाको इमेलमा प्रेषित गरी वेबसाइटमा समेत अपलोड गरिदिनुहुन।

नेपाल सरकार

महिला, बालबालिका,लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय

महिला बिकास तथा लैङ्गिक मूलप्रवाहिकरण शाखा

फोन नं. ४२००६४

पत्र संख्या :- २०८३ ०८४

च.नं. :- ०९

मितिः २०८३/०४/११

श्री भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं।

विषयः- आवश्यक सहजीकरण सम्बन्धमा।

यस मन्त्रालयमा प्राप्त हुने अधिकांश उजुरी तथा गुनासाहरू लैङ्गिक हिंसा, जातीय भेदभाव, छुवाछुत, विभेद र सामाजिक बहिष्करण जस्ता सामाजिक न्यायका सवालहरुसँग सम्बन्धित हुने गरेका छन्। यस्ता प्रकृतिका उजुरी तथा गुनासाहरू संवेदनशील, बहुआयामिक, कानुनी तथा प्रशासनिक पक्षसँग अन्तरसम्बन्धित हुने भएकाले तिनको प्रभावकारी सम्बोधन, सेवा प्रवाहमा भेदभावरहित वातावरणको सुनिश्चितता, कानुनी तथा नीतिगत सुधार र आवश्यक समन्वय तथा सहकार्य गर्नुपर्ने हुन्छ।

अतः लैंगिक विभेद एवम् हिंसा, जातीय भेदभाव तथा छुवाछुत र सामाजिक बहिष्करण लगायतका विषयहरुमा भविष्यमा गुनासोरहित हुनेगरी सम्बोधन गर्न आवश्यक भएकोले सबै स्थानीय तहहरुमा **भेदभाव र छुवाछुत विरुद्ध (वडास्तरमा समेत) विशेष कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक पहल गर्ने र** जातीय भेदभाव र छुवाछुत विरुद्ध अभियान सञ्चालन गर्न परिपत्र गर्नका लागि अनुरोध गरी पठाउने मिति २०८३/०४/०८ को नेपाल सरकार, माननीय मन्त्रिस्तरीय निर्णयानुसार अनुरोध छ।

रञ्जना पोखरेल
महिला बिकास अधिकृत

सादर अवगतार्थः-
मा. मन्त्रिज्यूको सचिवालय,
महिला,बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सूरक्षा मन्त्रालय।

Email: wdgms.mowesc@gmail.com